# बाल्डविन-व्हाइटहल स्कूल डिस्ट्रीक्ट
## सित्तैमा र न्यून शुल्कमा विद्यालय खानाहरु सम्बन्धी बारम्बार सोधिने प्रश्नहरु
## https://www.schoolcafe.com/ मा अनलाइन निवेदन भर्नुहोस्

आदरणीय आमाबाबु/अभिभावक:

केटाकेटीहरुलाई सिक्नको लागि स्वस्थ खानेकुरा आवश्यक पर्छ। **बाल्डविन-व्हाइटहल स्कूल डिस्ट्रीक्टले** प्रत्येक स्कूल लागेको दिन स्वस्थ खानाहरु सेवा गर्छ। ब्रेकफास्टको खर्च **$1.40 पर्छ;** दिउँसोको खानाको खर्च **$2.60 अथवा $3.00/प्रिमियम खाना** पर्छ माध्यमिक (हाइ स्कूल र जुनियर हाइ स्कूल) को लागि र **$2.35** प्राथमिक तहको लागि। तपाइको बच्चा(हरु) सित्तैको खाना अथवा घटाईएको शुल्क खानाको लागि योग्य हुन सक्छन्। घटाईएको मुल्य ब्रेकफास्टको लागि **$0.30** हो र दिउँसोको खानको लागि **$0.40** हो। निम्न तपाईलाई निवेदन प्रक्रियासँग सहयोग गर्नको लागि साधारण प्रश्न र जवाफहरु रहेका छन्।

STOP यदि तपाईले सित्तैको खानाहरुको लागि नोटिस अफ डाइरेक्ट सर्टीफिकेसन प्राप्त गर्नुभएको छ भने, निवेदन पुरा **नगर्नुहोस्**। तर यदि तपाईको परिवारमा कुनै केटाकेटी तपाईले प्राप्त गर्नुभएको **नोटिस अफ डाइरेक्ट सर्टीफिकेसनमा** सुचीकृत छैनन् भने स्कूललाई थाहा **दिनुहोस्**।

**१. कसले सित्तैमा अथवा घटाईएको शुल्कमा खाना पाउन सक्छ ?**

- SNAP अथवा TANF बाट सुविधाहरु पाईरहेका परिवारको केटाकेटीहरु सित्तैको खानाको लागि योग्य छन्।
- धर्मपुत्र र धर्मपुत्री जो फोस्टर केयर एजेन्सी अथवा अदालत अन्तर्गत छन्, उनीहरु सित्तैको खानाको लागि योग्य छन्।
- आफ्नो स्कूलको हेड स्टार्ट कार्यक्रममा सहभागी हुने केटाकेटीहरु सित्तैको खानाको लागि योग्य छन्।
- केटाकेटीहरु जो बेघर, भागेको वा आप्रवासीको परिभाषासँग मिल्छन्, उनीहरु सित्तैको खानाको लागि योग्य छन्।
- यदि तपाईको परिवारको आम्दानी फेडेरल इन्कम एलिजीबीलिटी गाइडलाइन्सको सिमाभित्र छ भने केटाकेटीले सित्तैको अथवा घटाईएको दरको खाना पाउन सक्छन्। यदि तपाइको परिवारको आम्दानी यो चार्टको सीमामा अथवा त्यसको तल पर्छ भने तपाईको केटाकेटी सित्तैको अथवा घटाईएको दरको खाना पाउन सक्छन्।

| Income Eligibility Reduced-Price Guidelines—July 1, 2018–June 30, 2019 | | | | | |
|---|---|---|---|---|---|
| Family Size | Annually | Monthly | Twice Per Month | Every Two Weeks | Weekly |
| 1 | $22,459 | 1,872 | 936 | 864 | 432 |
| 2 | 30,451 | 2,538 | 1,269 | 1,172 | 586 |
| 3 | 38,443 | 3,204 | 1,602 | 1,479 | 740 |
| 4 | 46,435 | 3,870 | 1,935 | 1,786 | 893 |
| 5 | 54,427 | 4,536 | 2,268 | 2,094 | 1,047 |
| 6 | 62,419 | 5,202 | 2,601 | 2,401 | 1,201 |
| 7 | 70,411 | 5,868 | 2,934 | 2,709 | 1,355 |
| 8 | 78,403 | 6,534 | 3,267 | 3,016 | 1,508 |
| *For each additional family member add:* | | | | | |
| | 7,992 | 666 | 333 | 308 | 154 |

**२. मेरो केटाकेटी बेघर, प्रवासी अथवा भागेको भन्नेमा योग्य छ भन्ने मैले कसरी थाहा पाउने ?**

के तपाईको परिवारको सदस्यहरुसँग एउटा स्थायी ठेगाना छैन ? के तपाई एउटा आश्रय, होटल अथवा अन्य अस्थायी बस्ने व्यस्थामा रहिरहनु भएको छ? के तपाईको परिवार समय समयमा नयाँ ठाउँमा सर्छ ? के तपाईसँग कुनै केटाकेटी छन् जसले उनीहरुको आफ्नो पहिलेको परिवार वा घर छोड्न रोजेर तपाईसँग बसिरहेका छन् ? यदि तपाई विश्वास गर्नुहुन्छ कि तपाईको परिवारको केटाकेटीहरु यी विवरणहरु सँग मेल खान्छन् भने, कृपया कल गर्नुहोस् अथवा जिन विलियम्सलाई इमेल गर्नुहोस्। **412.885.7530 x 5067.**

**३. के मैले प्रत्येक बच्चाको लागि निवेदन भर्नु आवश्यक छ ?**

पर्दैन। तपाईको परिवारको सबै विद्यार्थीहरुको लागि एउटा फ्रि एण्ड रिड्युज्ड प्राइस स्कूल मिल्स एप्लीकेसन निवेदन प्रयोग गर्नुहोस्। हामी पुरा नभएको निवेदन अनुमोदन गर्न सक्दैनौ त्यसैले सबै आवश्यक सूचना भर्न निश्चित गर्नुहोस्।

**४. यदि मैले यो स्कूल वर्षमा एउटा चिठी पाए जसमा मेरा केटाकेटीहरु सित्तैको खानाको लागि अनुमोदित भैसकेका छन् भन्ने लेखेको छ, के मैले एउटा निवेदन भर्नुपर्छ ?**

पर्दैन तर कृपया तपाईले प्राप्त गर्नुभएको चिठी ध्यानपुर्वक पढ्नुहोस् र निर्देशनहरु मान्नुहोस्। यदि तपाईको परिवारमा कुनै केटाकेटी तपाईको योग्यता सूचनाबाट छुटिरहेका थिए भने, तुरुन्तै **जुडी बर्न**सँग सम्पर्क गर्नुहोस् **412-885-7500 x 8081** अथवा **jbourne@bwschools.net** मा इमेल गर्नुहोस्।

**५. के म अनलाइन निवेदन दिन सक्छु ?** सक्नुहुन्छ ! यदि तपाई सक्नुहुन्छ भने कागजको निवेदनको सट्टा तपाइलाई एउटा अनलाइन निवेदन पुरा गर्न प्रोत्साहन गरिन्छ। अनलाइन निवेदनमा उही आवश्यकताहरु छन् र तपाईसँग कागजको निवेदनमा जस्तै उही सूचना सोधिनेछ। अनलाइन निवेदन प्रक्रियाबारे थप सिक्न **https://www.schoolcafe.com/** मा जानुहोस्। यदि तपाईसँग अनलाइन निवेदन बारे कुनै प्रश्नहरु छन् भने **जुडी बर्न**सँग सम्पर्क गर्नुहोस् **412-885-7500 x 8081** अथवा **jbourne@bwschools.net** मा इमेल गर्नुहोस्।

**६. मेरो बच्चाको निवेदन गत वर्ष स्वीकृत भएको थियो। के मैले नयाँ भर्नु आवश्यक छ ?** छ। तपाईको बच्चाको निवेदन त्यो स्कूल वर्षको लागि र यो स्कूल वर्षको सुरुको ३० दिनहरु अक्टुबर ९, २०१८सम्मको लागि मात्र मान्य हो। जबसम्म स्कूलले तपाइलाई तपाईको बच्चा नयाँ स्कूल वर्षको लागि योग्य छ भनेर भन्दैन तपाईले एउटा नयाँ निवेदन पुरा गर्नैपर्छ। यदि तपाई स्कूलले स्वीकृत गर्ने एउटा नयाँ निवेदन पुरा गर्नुहुदैन भने अथवा तपाईको बच्चा सित्तैको खानाको लागि योग्य छ भन्ने सूचना पाउनु भएको छैन भने, तपाईको बच्चालाई खानाहरुको लागि पुरा शुल्क लगाइनेछ।

**७. म WIC पाउँछु। के मेरा केटाकेटीले सित्तैको खानाहरु पाउन सक्छन् ?** WIC मा सहभागी हुने परिवारको केटाकेटीहरु सित्तैको अथवा घटाईएको दरको खानाको लागि योग्य हुनसक्छन्। कृपया एउटा निवेदन पुरा गर्नुहोस्।

**८. के मैले दिएको सूचना जाँचिनेछ ?** हो। हामी तपाइले रिपोर्ट गर्नुहुने परिवारको आम्दानीको लिखित प्रमाण पठाउन पनि भन्न सक्छौ।

**९. यदि म अहिले योग्य हुँदिन भने के म पछि निवेदन दिन सक्छु ?** अवश्य, तपाईले स्कूल वर्षको बेला जुनै समय निवेदन दिन सक्नुहुन्छ। उदाहरणको लागि, यदि आमाबाबु अथवा अभिभावक बेरोजगार भएर परिवारको आम्दानी सिमाभन्दा तल झर्छ भने त्यो बेलामा केटाकेटी सित्तैको अथवा घटाईएको दरको खानाहरुको लागि योग्य हुनसक्छ।

**१०. यदि म मेरो निवेदनबारे स्कूलको निर्णयसँग अस्विकार गर्छु भने ?** तपाई स्कूलको अधिकारीहरुसँग कुरा गर्नुपर्छ। तपाइले निम्नमा सुनुवाईको लागि कल गरेर अथवा लेखेर पनि सोध्न सक्नुहुन्छ: **Denise Sedlacek, Baldwin-Whitehall School District, 4600 Curry Road, Pittsburgh, PA 15236 or 412-884-6300 x 7241.**

**११. यदि मेरो परिवारमा कोही एउटा अमेरिकी नागरिक होइन भने निवेदन दिन सक्छु ?** सक्नुहुन्छ। तपाई, तपाइको केटाकेटी अथवा अन्य परिवार सदस्य सित्तैमा अथवा घटाईएको दरको खानाहरुको निवेदन दिन अमेरिकी नागरिक हुनुपर्दैन।

**१२. यदि मेरो आम्दानी जहिले बराबर छैन भने नि ?** तपाईले सामान्यतया प्राप्त गर्ने रकमको सुची बनाउनुहोस्। यदि तपाई साधारणतया प्रत्येक महिना $१००० डलर कमाउनुहुन्छ तर तपाईले गत महिना केही काम गुमाउनु भयो र $९०० मात्रै कमाउनु भयो भने, तपाईले प्रति महिना $१००० कमाउनु भयो भनेर राख्नुहोस्। यदि तपाई प्राय अतिरिक्त समय काम गर्नुहुन्छ भने त्यो पनि उल्लेख गर्नुहोस् तर कहिलेकाँही मात्र अतिरिक्त समय काम गर्नुहुन्छ भने त्यो उल्लेख नगर्नुहोस्। यदि तपाईले काम गुमाउनु भएको छ अथवा आफ्नो तलव अथवा काम गर्ने समय घटेको छ भने, तपाइको हालको आम्दानी राख्नुहोस्।

**१३. यदि परिवारका केही सदस्यहरुसँग रिपोर्ट गर्न कुनै आम्दानी छैन भने के गर्ने ?** घरका सदस्यहरुले हामीले तपाईसँग निवेदनमा रिपोर्ट गर्न सोध्ने आम्दानीको प्रकार प्राप्त नगर्न सक्छन् अथवा कुनै आम्दानी नपाउँन सक्छन्। जहिले पनि यो हुँदा, कृपया त्यो ठाउँमा ० लेख्नुहोस्। यद्दपी, यदि कुनै आम्दानी लेख्ने ठाउँ खाली छोडियो भने, तिनीहरुलाई पनि शुन्य मानिनेछ। कृपया आम्दानी लेख्ने ठाउँ खाली राख्दा होशियार हुनुहोस् किनकी हामी त्यसलाई तपाईले त्यहि बुझाउन खोज्नु भएको भन्ने सोच्नेछौ।

**१४. हामी सेनामा छौ। के हामी हाम्रो आम्दानी फरक तरिकाले रिपोर्ट गर्छौ ?** तपाईको बेसिक तलव र नगद बोनसहरुलाई आम्दानी भनेर रिपोर्ट गरिनैपर्छ। यदि तपाईले अफ-बेस बस्ने व्यवस्था, खाना वा कपडाको लागि कुनै नगद मुल्य भत्ताहरु प्राप्त गर्नुहुन्छ भने त्यो पनि आम्दानीमा संलग्न गरिनुनैपर्छ। यद्दपी, यदि तपाईको बस्ने व्यवस्था मिलिटरी हाउसिंग प्राइभेटाइजेसन इनीसिएटिभको भाग हो भने, तपाईको बस्ने व्यवस्थाको भत्तालाई आम्दानीमा समावेश नगर्नुहोस्। तैनातीबाट हुने कुनै अतिरिक्त लडाई भुक्तानी पनि आम्दानीबाट अलग गरिन्छ।

**१५. मेरो परिवारलाई थप सहयोग आवश्यक छ। के त्यहाँ अरु कार्यक्रमहरु छन् जसमा हामीले निवेदन दिन सक्छौ ?** SNAP अथवा अन्य सहायता सुविधाको लागि निवेदन दिने तरिका पत्ता लगाउन, तपाईको स्थनीय सहायता कार्यालय सम्पर्क गर्नुहोस् अथवा डिपार्टमेन्ट अफ ह्युमन सर्भिसेजलाई **1-800-692-7462** मा कल गर्नहोस्।

यदि तपाईसँग अन्य प्रश्नहरु छन् अथवा सहयोग आवश्यक छ भने, **जुडी बर्नलाई** कल गर्नुहोस् **412-885-7500 x 8081** अथवा **jbourne@bwschools.net मा इमेल** गर्नुहोस् ।

भवदीय,
जोइस वेबर
खाना सेवा निर्देशक

---

**वैधानिक प्रावधान:**
द रिचार्ड बि. रसेल नेशनल स्कूल लन्च एक्टलाई यो निवेदनमा सूचना आवश्यक पर्छ। तपाईले सूचना दिनुपर्दैन तर यदि तपाई दिनुहुदैन भने हामी तपाईको बच्चालाई सित्तैमा अथवा घटाईएको दरको खानाहरु स्वीकृत गर्न सक्दैनौ। हामीले तपाईको सूचना तपाईको बच्चा सित्तैमा अथवा घटाईएको दरको खानाहरुको लागि योग्य छ भन्ने निर्धारण गर्न, दिउँसोको खाना र ब्रेकफास्ट कार्यक्रमहरुको प्रशंसन र प्रवर्तनको लागि प्रयोग गर्नेछौ।

संघीय नागरिक अधिकार कानुन र अमेरिकी कृषि विभाग (युएसडिए) नागरिक अधिकार नियम र नीतिहरु अनुरुप, युएसडिए, त्यसको एजेन्सीहरु, कार्यालयहरु, र कर्मचारीहरु र युएसडिए कार्यक्रमहरुमा सहभागी हुने अथवा प्रशासन गर्ने संस्थाहरुलाई युएसडिएद्वारा संचालन गरेको अथवा लागत गरेको कुनै कार्यक्रम अथवा क्रियाकलापहरुमा पूर्व नागरिक अधिकार गतिविधिको लागि जाती, रंग, राष्ट्रको मुल, लिंग, अशक्तता, उमेर अथवा प्रतिशोधमा आधारित भेदभाव गर्न रोक लगाइएका छन्।

अशक्तता भएको व्यक्तिहरु जसलाई कार्यक्रम सुचनाको लागि संचारको वैकल्पित साधनहरु आवश्यक पर्छ (जस्तै ब्रेल, ठुलो प्रिन्ट, अडियो टेप, अमेरिकी साङ्केतिक भाषा, आदि), उनीहरुले एजेन्सीलाई (राज्य वा स्थानीय) सम्पर्क गर्नुपर्छ जहाँ उनीहरुले सुविधाहरुको लागि निवेदन दिए। व्यक्तिहरु जो कान सुन्दैनन्, सुन्न कठिन हुन्छ अथवा बोल्ने अशक्तता छ उनीहरुले युएसडीएलाई सम्पर्क गर्न सक्छन् फेडेरल रिले सर्भिस मार्फत (800) 877-8339मा। थपमा, कार्यक्रम सूचना अंग्रेजी भन्दा अरु भाषाहरुमा उपलब्ध बनाउन सकिन्छ।

भेदभावको कार्यक्रम उजुरी दाखिल गर्नको लागि, युएसडीए प्रोग्राम डिस्क्रीमिनेसन कम्प्लेन फर्म भर्नुहोस् जुन http://www.ascr.usda.gov/complaint_filing_cust.html मा अनलाइन भेटिन्छ र कुनै युएसडीए कार्यालयमा भेटिन्छ अथवा युएसडीएलाई एउटा चिठी लेख्नुहोस् र चिठीमा फारममा आग्रह गरिएका सबै सुचना प्रदान गर्नुहोस्। उजुरी फारमको नक्कल आग्रह गर्न, (866) 632-9992मा कल गर्नुहोस्। तपाईको पुरा गरिएको फारम अथवा चिठी युएसडीएलाई निम्न तरिकाहरु बाट बुझाउनुहोस्:

(१) मेल: U.S. Department of Agriculture
Office of the Assistant Secretary for Civil Rights
1400 Independence Avenue, SW
Washington, D.C. 20250-9410;

(२) फ्याक्स: (202) 690-7442; अथवा

(३) इमेल: program.intake@usda.gov.

**यो संस्था समान अवसर नियोजक हो।**